मिति : २०७७/०५/०२

**श्री मिलन धरेलज्यू**

**कार्यकारी निर्देशक, राष्ट्रिय बालअधिकार परिषद्**

**पुल्चोक, ललितपुर**

**विषय : हार्दिक बधाई तथा शुभकामना सहित ध्यानाकर्षण सम्बन्धमा ।**

उपर्युक्त विषयमा, राष्ट्रिय बालअधिकार परिषद्को प्रथम कार्यकारी निर्देशक जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हामी बाल मैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल र सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको तर्फबाट यहाँलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

बालबालिकाको अभियानमा लामो समयदेखि क्रियाशिल रहीं महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएका सक्षम व्यक्तित्वको नियुक्तिले हामी बालबालिकाका अभियान्ताहरू हर्षित भएका छौं । यसै उपलक्ष्यमा राष्ट्रिय बालअधिकार परिषद्को सिद्धान्त, कार्यक्रम र योजनालाई आत्मसात गर्दै आपसी साझेदारीमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । साथै बालबालिकाको सवालमा निम्न विषयहरूमा यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं ।

**बालमैत्री स्थानीय शासन सम्बन्धी**

१. संघ र प्रदेश स्तरमा बालमैत्री स्थानीय शासन डेस्कको स्थापना गरी स्थानीय तहहरूमा बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्बद्धन गरियोस् ।
२. प्रत्येक स्थानीय तहको वार्षिक बजेटमा कम्तिमा १५% बालबालिका केन्द्रित बजेट विनियोजनको व्यवस्था गर्न पहल गरियोस् ।
३.संघिय तहमा बालअधिकार परिषद्को, प्रदेश सरकारको नेतृत्व र स्थानीय तहमा बाल अधिकार समितिको नेतृत्वमा आपलकालीन बाल कोषको स्थापना गर्न सिफारिस गरियोस् ।
४. बालश्रम नियमन र निषेध गर्ने ऐन, २०५६ को आवश्यक संशोधनका साथै त्यसको नियमावली, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन माथि आवश्यक संशोधन लगायतका बालबालिकासँग सरोकार राख्ने ऐन, कानूनहरूलाई अध्यावधिक गर्दै बालबालिकाको उच्तम हित सुनिश्चित गरियोस् ।
५. बाल अधिकार अभियानमा बालक्लवका पूर्व सदस्यहरूको व्यवस्थित परिचालन गरी बाल अधिकारको अभियानलाई व्यवस्थित गरियोस् ।
६. बालविवाह अन्त्यको लागि विद्यमान रणनीतिलाई समय सापेक्ष परिमार्जन गरी कार्यन्वयन गरियोस् ।
७. बाल अधिकार तथा बालमैत्री स्थानीय शासनलाई प्रर्बद्धन गर्न वार्षिक रूपमा यस क्षेत्रका उल्लेखनीय योगदान पुऱ्याउने संघ संस्था/सञ्जाललाई प्रोत्साहन तथा कदर गर्ने कार्य गरियोस् ।

८. बालक्लवको सञ्चालन, व्यवस्थापनको लागि स्पष्ट कार्यविधि तथा निर्देशन तयार गरी कार्यन्वयन गर्न गराउन नेतृत्वदायी भूमिका निवार्ह गरियोस् ।

९. बालगृहका कारणले पटक-पटक बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरूलाई नकारात्मक आरोप आउने कुरालाई मध्यनजर गर्दै पहिलो प्राथमिकता परिवारले दिँदै विकल्प नभएकाहरूलाई नेपाल बाल संगठलाई पारदर्शी उत्तरदायी बनाउँदै त्यसको सम्पत्ति बालअधिकार परिषद्को मातहतमा ल्याईयोस् र नेपाल बाल संगठनलाई नेपाल सरकारको बालगृहको रुपमा व्यवस्थित बनाईयोस् ।

११. बालमैत्री स्थानीय शासन अभियान, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मातहतमा ल्याई बालअधिकार परिषद्को सिफारिसमा घोषणा गर्ने गरी हाल विचाराधिन रहेको कार्यविधिलाई छिटो भन्दा छिटो पारित गरी कार्यन्वयनमा ल्याईयोस् ।

## बालिका अधिकार सम्बन्धी

१. वार्षिक रूपमा परिषद्ले प्रकाशन गरिने स्थिति प्रतिवेदनमा बालिकाको सन्दर्भमा छुट्टै सम्बोधन गर्ने व्यवस्था गरियोस् ।

२. संघ र प्रदेश स्तरमा बाल अधिकार परिषद्को बालिका डेस्कको स्थापना गरियोस् । स्थानीय बालअधिकार समिति अन्तर्गत बालिका विशेष कार्यदल, महिला बालबालिका एकाई अन्तर्गत बालिका डेस्कको स्थापना र सञ्चालन गरियोस् ।

३. कोरोना भाइसर (कोभिड- १९) को महामारीको अवस्थामा र महामारीको पछिको परिवेशमा दिनुपर्ने विशेष संरक्षण, हेरचाह र सेवामा बालिकालाई प्राथमिकता दिई बालबालिकाको पहुँच स्थापना तथा बालबालिका, अपाङ्गता भएका र किशोरीमैत्री क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रको व्यवस्था गर्न पहल गरियोस् ।

४. बालिका सशक्तिकरणका कार्यक्रमहरू वृहत रूपमा सञ्चालन गरी बालिका तथा किशोर, किशोरीहरू माथि हुने यौनहिंसा, शोषण, बालविवाह, बाल श्रमको अन्त्यका लागि आवश्यक कार्यक्रम सञ्चालन गरियोस् । साथै प्रत्येक स्थानीय प्रहरी चौकी तथा प्रहरी सेवा केन्द्रमा बालिकामैत्री व्यवहारका विषयमा प्रशिक्षण प्राप्त महिला प्रहरीको नियुक्ति गर्ने व्यवस्था मिलाउन पहल गरियोस् ।

५. सूचना प्रविधिमा बालिकाहरूको पहुँच बढाई नवीनतम ज्ञान, सीप र अवसरहरू प्रदानका साथ इन्टरनेटमा हुने हिंसा, दुर्व्यवहार र बेचविखनको जोखिमलाई न्युनीकरण गर्न अविलम्ब प्रयास जारी गरियोस् ।

६. प्रत्येक जिल्ला अस्पतालमा बालिका स्वास्थ्य र किशोरावस्थाका बारेमा प्रशिक्षण प्राप्त न्यूनतम २ जना महिला चिकित्सकको व्यवस्था गर्न पैरवी गरियोस् ।

८. बालिकासम्बन्धी रहेका नीतिगत व्यवस्थाहरूको कार्यान्वयन, सहजीकरण तथा अनुगमन गर्ने संरचनात्मक व्यवस्था गरी विद्यालयमा एकजना मनोसामाजिक परामर्श, स्टाफ नर्स तथा बालिकामैत्री शौचालयको व्यवस्था गर्नको लागि वकालत गरियोस् ।

## बाल केन्द्रित सामाजिक सुरक्षा

१. व्यवस्थित र मर्यादित बाल संवेदनशील सामाजिक सुरक्षाको विषयलाई संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्न पहल गरियोस् ।
२. वर्षेनी हुने प्राकृतिक विपद्मा बालबालिकाको रक्षा र सम्भावित जोखिम न्यूनीकरणका लागि हरेक स्थानीय तहमा बालबालिका लक्षित कार्यक्रमको व्यवस्था गर्न पैरवी गरियोस् ।
३. सबै स्थानीय तहमा गरिबी र जोखिममा रहेका ५ वर्ष मूनिका बालबालिकाको लागि बाल पोषण भत्ताको व्यवस्थामा पहलकदमी बाल पोषण भत्तालाई देशभर विस्तार गर्न पहल गरियोस् ।
४. कोभिड-१९ को संक्रमणकालीन अवधिमा बालबालिकाको संरक्षणका लागि विभिन्न उमेर समूहका बालबालिका (६ महिना मुनिका, ७ देखि १८ महिना, ५ वर्ष मुनिका, ६ देखि १२ र सोभन्दा माथिका) भएका परिवारका लागि राहत प्याकेजमा खाद्यान्न सामानको  अतिरिक्त बालबालिकाको उमेर अनुसारका खानपिन र सरसफाईका आवश्यक सामानहरूको व्यवस्था गरियोस् ।
५. वयस्कको तुलनामा बालबालिका तथा ज्येष्ठ नागरिकहरू कोरोना संक्रमणबाट बढी प्रभावित हुने हुँदा  अति गरीब र विपन्न समूहको लागि सामाजिक बीमा योजनालाई विस्तार गरी कार्यान्वयनमा ल्याई क्षति न्यूनीकरण गरियोस् ।

६. बालगृहमा रहेका, बेचविखनमा परेर उद्धार गरी पुनर्स्थापना गृहमा रहेका, सुधार गृहमा रहेका, शरणार्थी शिविरमा रहेका, सडकमा रहेका तथा बालश्रमिक, श्रम क्षेत्रमा काम गरिरहेका, मनोरञ्जनका क्षेत्रमा रहेका तथा कसैको संरक्षण र हेरचाहमा नरहेको असाहाय, अनाथ तथा बुवाआमा तथा अभिभावक विहिन बालबालिका, अति जोखिममा परेका र एचआईभी संक्रमित बालबालिकाको पहिचान गरी उनीहरूको सर्वोत्तम हितलाई ध्यानमा राखी सामाजिक सुरक्षाको विशेष व्यवस्था मिलाइयोस् ।
७. कामको लागि नगद वा खाद्यान्न कार्यक्रम सञ्चालनको क्रममा गर्भवती तथा सुत्केरी महिला काममा आउन नसक्ने भए पनि उक्त कार्यक्रमबाट लाभान्वित गर्नुपर्ने र काममा आउन सक्नेका लागि समय-समयमा आराम गर्न र आमाको दुध खाने उमेरका बालबालिका भएका आमाहरूका लागि बच्चालाई दुध खुवाउनको लागि समयको व्यवस्था मिलाउन पैरवी गर्नुपर्ने ।
८. कोभिड-१९ को प्रभावबाट गरिबीको रेखामुनि र सीमान्तकृत परिवारका बालबालिकाको शिक्षामा आ.व. २०७७/०७८ मा प्रभाव पर्नसक्ने हुनाले उक्त समूहका बालबालिकाका लागि थप शैक्षिक सहयोगको वृद्धि गर्न पैरवी गरियोस् ।
९. एचआईभी संक्रमित र प्रभावित बालबालिकालाई राज्यबाट विशेष सामाजिक सुरक्षा कार्यक्रममा समावेश गरी उनीहरूको बाँच्न पाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने र विकास हुन पाउने अधिकारको संरक्षण र प्रवर्द्धन गरियोस् ।

**अन्य**

१. बालअधिकार परिषद्को फेसबुक, वेवसाइट निरन्तर अपडेट तथा स्रोत केन्द्रको उचित व्यवस्थापनका साथै गुनासो सुनुवाईका लागि हटलाइनको तत्काल व्यवस्था गरियोस् ।
२. बालगृहको प्रभावकारी व्यवस्थापन तथा अनुगमनको व्यवस्था गर्न राष्ट्रिय बालअधिकार परिषद्ले जिल्ला बालअधिकार परिषद् गठन गरी बालबालिकाको सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्न व्यवस्था मिलाईयोस् ।
३. राष्ट्रिय स्तरको घरपरिवार सर्वेक्षणमा बालबालिकाको विस्तृत जानकारी संकलनको व्यवस्था मिलाउन पहल गरियोस् ।
४. बालबालिका, त्यसमा पनि पिछडिएका, सीमान्तकृत, दलित, अपाङ्गता भएका बालबालिका, बालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको, व्यवस्थित तथ्याङ्क संकलन गरी हाल विद्यमान कोभिड महामारी केन्द्रित योजना तथा कार्यक्रमको व्यवस्था गरियोस् । यु.पी.आर. र राष्ट्रसंघीय बालअधिकार महासन्धि समितिबाट प्राप्त बाल केन्द्रित सुझाव र दीगो विकास लक्ष्यको अनुरुप कार्यन्वयनको निम्ति पैरवी गरियोस् ।
५. विपतबाट बालबालिकालाई जोगाउन सूचना सचेतना र आपतकालीन सहयोग सम्बन्धी विशेष उद्दार र सहयोगका कार्यक्रम तय गरियोस् ।
६. विभिन्न नागरिक संघ-संगठनले गरेका बालबालिका सम्बन्धी अध्ययन अनुसन्धानलाई कार्यविधि बनाई मान्यता दिने व्यवस्था गरियोस् ।
७. बालबालिकाको क्षेत्रमा कार्यरत सञ्जालहरूसँग पैरवी, सामग्री प्रकाशन, अध्ययन अनुसन्धानमा सहकार्य गर्न आवश्यक कार्यविधि बनाई एकरूपता ल्याईयोस् ।
८. बालबालिकासम्बन्धी ऐन, कानून नियमावली बनाउँदा बालक्लवका पूर्व सदस्यहरूको अनुभव, क्षमतालाई पनि समावेश गर्ने व्यवस्था गरियोस् ।

**भवदीय,**

**तिलोत्तम पौडेल**
अध्यक्ष